# नेपाल खाद्य संस्थानको महाप्रबन्धकको
# छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७५

नेपाल खाद्य संस्थानको रिक्त महाप्रबन्धक पदमा खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि यो कार्यविधि बनाइएको छ ।

**१. दरखास्त आव्हान :**

नेपाल खाद्य संस्थानको रिक्त महाप्रबन्धक पदमा पदपूर्तिका लागि बढीमा १५ दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अनुसूची-१ बमोजिमको सूचना प्रकाशित गरिने छ ।

**२. योग्यता तथा अनुभव:**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच बर्ष काम गरेको,

ख) तीस वर्ष उमेर पुरा भई पैंसट्ठी वर्ष उमेर ननाघेको ।

**३. दरखास्तसाथ छनौट तथा सिफारिस समितिको सचिवालयमा पेश गर्नु पर्ने कागजात तथा विवरणहरू:**

क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ ।

ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा अनुभवको प्रतिलिपिहरू स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

ग) उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) तयार गरी चार प्रति पेश गर्नु पर्नेछ ।

घ) प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, तालिम, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्तसाथ पेश गरेका अन्य कागजातहरूको सक्कल प्रति पेश गर्नु पर्नेछ ।

**४. दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ :**

क) कुनै राजनीतिक दलको सदस्य नभएको ।

ख) नेपाल खाद्य संस्थानसँगको ठेक्कापट्टा वा कुनै चल अचल सम्पत्ति सम्बन्धी कारोवारमा आफै वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा उक्त संस्थानसँग निजी स्वार्थ नभएको ।

ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको ।

घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको ।

ङ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त नगरेको ।

च) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भएकोमा त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पुरा भएको ।

छ) मानसिक सन्तुलन ठिक भएको ।

**५. महाप्रबन्धकका लागि तोकिएको काम, कर्तव्य र अधिकार :**

नेपाल खाद्य संस्थानको प्रबन्धपत्र तथा नियमावली बमोजिम तोकिएका काम, कर्तव्य र अधिकार हुनेछन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ६. व्यावसायिक कार्ययोजना पेश गर्नु पर्ने :

१) उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यावसायिक कार्ययोजना (Business Action Plan) महाप्रबन्धकका लागि तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा निम्न बुँदाहरू समेत समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछ ।

क) नेपाल खाद्य संस्थानको बारेमा जानकारी उल्लेख भएको विवरण (Understanding the NFC)

ख) नेपाल खाद्य संस्थानको विद्यमान अवस्थाको पहिचान र विश्लेषण (Identification and Analysis of Current Status of NFC)

ग) नेपाल खाद्य संस्थानको सवल पक्ष, दुर्वल पक्ष एवं अवसर र चुनौतीहरूको विश्लेषण (SWOT Analysis)

घ) रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरूको विश्लेषण (Major Areas of Strategic Reform)

ङ) उत्पादकत्व अभिवृद्धि (Productivity Enhancement), व्यवसाय विस्तार र क्षमता अभिवृद्धि (Business Expansions and Capacity Development), संस्थागत सुधार एवं सुशासन (Corporate Reform and Good Governance), मानव संशाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, प्रशासकीय शिरोभार खर्च घटाउनका लागि आवश्यक रणनीति, प्रतिस्पर्धात्मकता अभिबृद्धि, संस्थाको अपेक्षित स्वरूप, श्रोत परिचालन, नेपाल सरकारद्वारा निर्दिष्ट गरिएका नीति तथा कार्यक्रमहरूको सञ्चालन, पारदर्शिता, स्वच्छता, नियमितता, विश्वसनीयताको सुनिश्चितता र परिपालना, अनुगमन तथा सुरपरिवेक्षणको लागि आवश्यक कदमहरू समेत समावेश भएको समय-सारिणी सहितको व्यावसायिक कार्ययोजना (Business Action Plan) ।

२) तयार पारिएको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा छनौट सूची (Short List) मा परेका उम्मेदवारले प्रस्तुतीकरण समेत गर्नु पर्नेछ । प्रस्तुतीकरणका लागि आधा घण्टा (३० मिनेट) समय प्रदान गरिनेछ ।

## ७. उम्मेदवारको मूल्यांङ्कन सम्बन्धी अङ्क भार :

- उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अङ्क भार र सो को वर्गीकरण तपसिल बमोजिम कायम हुनेछ ।

| | | |
|---|---|---|
| १) | शैक्षिक योग्यता र अनुभव | – ५० अङ्क |
| २) | व्यावसायिक कार्ययोजना | – ५० अङ्क |
| ३) | प्रस्तुतीकरण | – ३० अङ्क |
| ४) | अन्तर्वार्ता | – २० अङ्क |
| | **पूर्णाङ्क** | **– १५० अङ्क** |

- **उम्मेदवारको शैक्षिक योग्यता - २५**

| (क) शैक्षिक योग्यता - २५ | **अङ्क बाँडफाड** |
|---|---|
| **स्नातकोत्तर** | |
| प्रथम श्रेणी | २३ |
| द्वितीय श्रेणी | २२ |
| तृतीय श्रेणी | २१ |
| **पि.एच.डि.** | २ |
| **(ख) सम्बन्धित क्षेत्रको कार्य अनुभव - २५** | |
| ५ वर्ष सम्मको अनुभव बापत | २३ |
| ५ वर्षभन्दा माथिको अनुभव बापत | २५ |

- **व्यावसायिक कार्ययोजना मूल्याङ्कनको आधार - ५०**

  क) स्पष्ट धारणा - ५

  ख) सही सूचना - ५

  ग) विश्लेषण तथा तार्किकता - १५

  घ) सृजनशिलता, नेतृत्व र संयोजन - ५

  ङ) समस्याको पहिचान र सुधारको लागि सुझाव - १५

  च) लेखन शैली - ५

- **व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कनको आधार - ३०**

  क) स्पष्ट धारणा - ५

  ख) आत्मविश्वास - ५

  ग) क्रिया प्रतिक्रियामा दक्षता (अन्तरकिया) - ५

  घ) प्रस्तुतीकरण - १०

  ङ) समयको व्यवस्थापन - ५

- **अन्तर्वार्तामा मूल्याङ्कनको आधार - २०**

  क) व्यक्तित्व - ३

  ख) विषय वस्तुको ज्ञान - ७

  ग) सृजनशील क्षमता - ५

  घ) उठाईएका विषय सम्बोधन गर्ने क्षमता - ५

**८. छनौटका आधार एवं प्रक्रिया:**

मूल्याङ्कन अङ्क तालिका (छनौटको आधार) दफा ७ मा उल्लेख भए अनुसार हुनेछ । यसका लागि निम्न बमोजिमको प्रक्रिया अपनाइनेछ ।

१) उम्मेदवारको शैक्षिक योग्यता र पेश भएको व्यावसायिक कार्ययोजनाको परीक्षणबाट प्राप्त अंङ्को प्राथमिकताको आधारमा उम्मेदवारहरू मध्ये सम्भव भएसम्म पाँच जना उम्मेदवारलाई छनौट गरी व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ ।

२) उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारहरू मध्ये शैक्षिक योग्यता, तालिम, अनुभव, व्यावसायिक कार्ययोजनाको मूल्यांकन, प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतको अङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने सम्भव भएसम्म तीनजनालाई महाप्रबन्धक नियुक्तिका लागि नेपाल सरकार समक्ष वर्णानुक्रमानुसार सिफारिस गरिनेछ ।

३) प्रयाप्त आवेदकको आवेदन नपरेको अवस्थामा पहिलो चरणहरुमा परेका आवेदनहरूलाई यथावत राखी थप आवेदनको लागि बढीमा १५ दिनको म्याद दिई पुन: दरखास्त आव्हान गरिनेछ ।

**९. व्यावसायिक कार्ययोजना (Business Action Plan) प्रस्तुतीकरण एवं अन्तर्वार्ता परीक्षण सम्बन्धी अन्य व्यवस्था :**

१) व्यावसायिक कार्ययोजनाको परीक्षण छनौट तथा सिफारिस समितिले गर्नेछ । समितिले आवश्यकतानुसार विज्ञहरूलाई आमन्त्रित गरी सहयोग लिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम प्राप्त अङ्कको आधारमा औषत अङ्क निर्धारण गरी व्यावसायिक कार्ययोजना वापतको प्राप्ताङ्क गणना गरिनेछ ।

**१०. छनौट तथा सिफारिश समिति:**

१) यस कार्यविधि बमोजिमको कार्य सम्पन्न गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिश समिति गठन गरिनेछ:

(क) सहसचिव, आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखा, उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय- संयोजक

(ख) उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवले तोकेको मन्त्रालयको सहसचिव- सदस्य

(ग) सम्बन्धित विषय विज्ञ- सदस्य

२) यस समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

३) समितिको सचिवालय सम्बन्धि कार्य मन्त्रालयको संस्थान शाखाले गर्नेछ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा
सिंहदरबार,